# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२।०८३
चलानी नं. :-


मिति :- २०८२।०९।०६
ने.स. ११४६ पोहेलाथ्व १ आइतवार

सूचना नं. ३८

**निःशुल्क जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना !**

विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०९।०३ को बैठकको निर्णय बमोजिम यस विहादी गाउँपालिकाको सभाहलमा जाने बाटो नजिक जग्गा अभावको कारण सभाहल जाने बाटो साँघुरो भई बाटो विस्तार गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम निःशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र आफुले उपलब्ध गराउन चाहेको जग्गाको विवरण सहितको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१. जग्गाको क्षेत्रफल कम्तीमा २७५ व.मि. हुनुपर्नेछ ।

२. जग्गा प्राप्ति गर्न सकिने क्षेत्र:-
विहादी गाउँ कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन रहेको विहादी गाउँपालिका वडा नं. ४ को कित्ता नं. १२८० को उत्तरतर्फ कित्ता नं. १२८० सँगै जोडिएको जग्गा हुनुपर्ने ।

३. खोला तथा जोखिम क्षेत्र नभएको, खानेपानी एवम् विद्युत सेवा विस्तार भएको वा गर्न सकिने जग्गा हुनुपर्नेछ ।

४. दरखास्तसाथ निःशुल्क उपलब्ध गराईने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, नापी कार्यालयबाट जारी गरिएको जग्गाको ट्रेस नक्सा संलग्न गर्नुपर्नेछ ।

५. निशुल्क उपलब्ध गराउने गरी निवेदन पेश हुन आएका जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

६. थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत